# प्रदेश नं. १ सामाजिक समावेशीकरण नीति, २०७९

स्वीकृत भएको मितिः- २०७९/०८/२६

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

प्रदेश नं. १, विराटनगर, नेपाल

## विषयसूची


१. पृष्ठभूमि ..... १

२. विगतका प्रयास ..... २

  २.१ नेपाल सरकारको प्रयास ..... २

  २.२ प्रदेश नं. १ को प्रयास ..... ३

३. वर्तमान स्थिति ..... ४

४. समस्या तथा चुनौती ..... ५

  ४.१ समस्या ..... ५

  ४.२ चुनौती ..... ६

५. नीतिको आवश्यकता ..... ७

  ५.१ अन्तर्राष्ट्रिय प्राबधान ..... ७

  ५.२ राष्ट्रिय प्राबधान ..... ८

  ५.३ प्रादेशिक प्राबधान ..... ९

६. दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ..... १०

  ६.१ दीर्घकालीन सोच ..... १०

  ६.२ लक्ष्य ..... १०

  ६.३ उद्देश्य ..... १०

  ६.४ नीति, रणनीति तथा कार्यनीति ..... ११

७. नीति कार्यान्वयनका लागि कार्ययोजना ..... १७

८. संस्थागत संरचना ..... २४

  ८.१ प्रदेश स्तरमा ..... २४

  ८.२ स्थानीय तहमा ..... २५

९. अनुगमन तथा मूल्याङ्कन ..... २६

१०. नीति परिमार्जन तथा पुनरावलोकन ..... २६


सामाजिक विकास मन्त्रालय

## १. पृष्ठभूमि

नेपाल युगौंदेखि विभिन्न सम्प्रदाय, जात, जाति, भाषाभाषी र धर्मको सम्मिश्रणको रूपमा रही आएको छ । प्राचीन सभ्यता र संस्कृतिको धनी यस मुलुकको स्वरूप र चरित्र नै समावेशी भएकाले यहाँ बसोबास गर्ने सबै लिङ्ग, जाति, वर्ग, क्षेत्र एवं आर्थिक रूपमा विपन्न र सीमान्तीकृत समुदायको समानुपातिक समावेशीकरण हुनुपर्ने कुरालाई आत्मसात् गर्दै नेपालको संविधानको प्रस्तावनामा नै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । यो नै समानुपातिक समावेशी राज्यको मूल आधार हो ।

नेपालको संविधानले विभिन्न जात, जाति र भौगोलिक क्षेत्रको पहिचान स्थापित गरी न्यायोचित र समतामूलक समावेशी विकासको माध्यमबाट विद्यमान आर्थिक, सामाजिक र राजनीतिक विभेदहरूको अन्त्य गर्ने उद्देश्य लिएको हुँदा सो उद्देश्य कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहका सरकारले सोही बमोजिम कार्यसम्पादन गर्नुपर्ने हुन्छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो, शान्ति, सुशासन, विकास र समृद्धि प्राप्त गर्ने लक्ष्य अनुसार सरकारका सबै निकायहरूले आफ्ना नीति, कार्यक्रम तथा बजेटलाई समावेशी बनाउनुपर्ने देखिन्छ ।

प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक र स्वतन्त्र रूपमा बाँच्न पाउने संवैधानिक अधिकारको संरक्षणका लागि सबै वर्ग, जाति, लिङ्ग, भाषा, धर्म तथा क्षेत्रका नागरिकको पहिचान स्थापित गर्दै उनीहरूको क्षमता निर्माण गर्ने, निर्णय प्रक्रियामा समानुपातिक सहभागिता तथा स्रोत र साधनमा पहुँचको सुनिश्चितता गरी नागरिक जीवनलाई मर्यादित बनाउँदै लैजाने क्रममा समावेशी नीति, कानून र कार्यक्रमहरू क्रमशः उनीहरूको पहुँचमा स्थापित गर्दै लैजानु पर्छ । सामाजिक समावेशीकरणको माध्यमबाट न्यायपूर्ण समाजको निर्माण गरी प्रदेशका सम्पूर्ण नागरिकले नागरिक अधिकारको निर्बाध रूपमा उपभोग गर्न पाउने वातावरण निर्माण गर्दै प्रदेश र स्थानीय तहका सबै संरचनाहरूमा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गरी समावेशी शासन पद्धतिलाई संस्थागत गर्नको लागि सामाजिक समावेशीकरण नीतिको आवश्यकता देखिएकाले प्रदेश सरकारबाट यस नीतिको तर्जुमा गरिएको छ ।

## २. विगतका प्रयास

### २.१ नेपाल सरकारको प्रयास

नेपालको संविधानले सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक र समानताको हकलाई प्रत्येक व्यक्ति तथा नागरिकको मौलिक हकको रूपमा व्याख्या गरेको छ । छुवाछूत तथा भेदभाव विरुद्धको हकले कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनैपनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गर्न नपाईने व्यवस्था गरेको छ । नेपालको संविधानमा भएको व्यवस्था अनुरूप राज्य व्यवस्थालाई समावेशी बनाउनको लागि खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक, सीमान्तीकृत समुदाय, पिछडिएको वर्ग एवं कर्णाली क्षेत्र तथा आर्थिक रूपले विपन्न समुदायको हक अधिकार संरक्षणका लागि राष्ट्रिय समावेशी आयोगको स्थापना गरिएको छ । यसैगरी सम्बन्धित वर्ग क्षेत्रको उत्थान, विकास एवं सशक्तीकरणका लागि संवैधानिक व्यवस्था अनुरूप नै राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, आदिवासी जनजाति आयोग, थारु आयोग, मधेशी आयोग र मुस्लिम आयोगको समेत स्थापना गरिएको छ । सबै नागरिकलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यका निकायमा सहभागिता हुन पाउने अधिकारको सुनिश्चितता गरिएको छ ।

राज्यले सामाजिक समावेशीकरणको क्षेत्रमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४, जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसूर र सजाए) ऐन २०६८, ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३, बालबालिका सम्बन्धी ऐन, २०७५, सूचनाको हक सम्बन्धी ऐन, २०६४, सामाजिक सुरक्षा ऐन, २०७५ जस्ता ऐनहरूको तर्जुमा गरी कानुनी रूपमा सीमान्तीकृत वर्गहरूको अधिकारको सुनिश्चिता गरेको छ । त्यसैगरी आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समिति, पिछडिएको समुदाय उत्थान विकास समिति, बादी समुदाय उत्थान विकास समिति लगायतका निकायहरूको स्थापना भई उपेक्षित, उत्पीडित, दलित, आदिवासी जनजाति र अन्य पिछडिएको वर्गको उत्थानको लागि निरन्तर रूपमा कार्य गरिरहेका छन् । नेपाल सरकारले नेपाललाई जातीय भेदभाव तथा छुवाछूत मुक्त राष्ट्र घोषणा समेत गरिसकेको छ ।

दशौं योजना (२०५९-२०६४) मा राष्ट्रिय विकासको सबै क्षेत्रमा लैङ्गिक मूलप्रवाहीकरण गरी लैङ्गिक समानता तथा महिला सशक्तीकरणको आधारमा समतामूलक समाजको स्थापना गर्न लैङ्गिक उत्तरदायी बजेट प्रणाली लागु गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई अन्तर-सम्बन्धित विषयको रूपमा स्थापित गरिएको थियो । लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई संस्थागत गर्न आर्थिक वर्ष २०६२/६३ मा अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखा प्रमुखको संयोजकत्वमा लैङ्गिक उत्तरदायी बजेट समितिको गठन गरियो भने आर्थिक वर्ष २०६४/६५ देखि लैङ्गिक तथा सामाजिक समावेशीकरणको दृष्टिबाट प्रत्यक्ष उत्तरदायी, अप्रत्यक्ष उत्तरदायी र तटस्थताको आधारमा बजेटलाई मूल्याङ्कन गर्ने परिपाटीको थालनी गरिएको छ ।

त्यसैगरी विगतमा स्थानीय निकायको निःशर्त पूँजीगत बजेटको कम्तीमा दश प्रतिशत रकम आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका विपन्न महिला, दश प्रतिशत बालबालिका र पन्ध्र प्रतिशत अन्य सीमान्तीकृत समुदायलाई छुट्याउनु पर्ने व्यवस्था गरिएको थियो । साथै, तत्कालीन स्थानीय निकायमा महिला, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय, बादी अपाङ्गता समन्वय समिति संरचनाहरू गठन गरी ती समुदायलाई संस्थागत रूपमा शासकीय संरचनामा आबद्ध गर्ने प्रयास गरिएको थियो । सामाजिक परिचालनमार्फत आर्थिक तथा सामाजिक रूपमा पिछडिएको समुदायका आर्थिक तथा सामाजिक उत्थानका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको थियो ।

पन्ध्रौं योजना (२०७६/७७–२०८०/८१) ले राज्यका सबै नागरिक (महिला, विभिन्न लक्षित समुदाय, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति) को उपस्थिति र अर्थपूर्ण सहभागितामा समावेशी विकास गर्ने सोच लिएको छ भने मानव विकास सूचकाङ्कको आधारमा पछाडि परेका समुदायको सशक्तीकरण र समानुपातिक विकास गर्ने लक्ष्य लिएको छ ।

ज्येष्ठ नागरिक, आर्थिक रूपमा विपन्न, अशक्त र असहाय व्यक्ति, एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्ति र लोपोन्मुख जातिलाई सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिएको छ । निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालिस प्रतिशत पदमा आरक्षणको व्यवस्था गरिएको छ ।

## २.२ प्रदेश नं. १ को प्रयास

प्रदेश नं. १ को प्रथम आवधिक योजना (२०७६/७७–२०८०/८१) मा "स्वच्छ, सुखी र समुन्नत प्रदेश" भन्ने प्रदेश सरकारको दीर्घकालीन सोच रहेको छ । सामाजिक न्याय सहितको समृद्ध प्रदेश निर्माण गर्ने लक्ष्यलाई साकार बनाउनको लागि आवश्यक रणनीति, उद्देश्य र कार्यनीतिको निर्माण गरिएको छ । दिगो, समावेशी र समतामूलक प्रदेश विकासका लागि सामाजिक असमानता घटाउन आधारभूत गुणस्तरीय शिक्षा, स्वास्थ्य र सम्बद्ध सेवा सुविधाको सुनिश्चितताको रणनीति लिइएको छ । त्यसैगरी सामाजिक समावेशीता सुनिश्चित गर्न सकारात्मक विभेद र आरक्षणको माध्यमबाट विकासमा पछाडि परेका समुदायको सहभागिता, सेवा सुविधामा पहुँच र सम्मानित जीवन सुनिश्चित गर्ने लक्ष्य लिइएको छ भने ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको आवश्यकता र समस्यामा केन्द्रित हुने नीति लिइएको छ ।

समानुपातिक विकासको नीति, कार्यक्रम तय गर्न आवश्यक तथ्याङ्कको परिपूर्तिका लागि प्रादेशिक विकासको स्थिति, आर्थिक, सामाजिक, भौगोलिक, प्रशासनिक अवस्थाको बारेमा जानकारी दिने उद्देश्य अनुरूप प्रदेश पार्श्वचित्र तयार गरिएको छ । आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा सामाजिक आर्थिक रूपले पछाडि परेका समुदाय दलित, मधेसी, आदिवासी जनजाति, महिला, लोपोन्मुख, शारीरिक तथा मानसिक अपाङ्गता भएका साथै विविध प्रकारका वर्गीकरणमा पर्ने अल्पसंख्यक र भौगोलिक विकटता भएका क्षेत्रलाई लक्षित गरी समानुपातिक, प्रगतिशील तथा समावेशी प्रतिफल प्राप्त हुने गरी प्रदेश सरकारका सबै योजनाको निर्माण तथा सञ्चालन गरिने कुरा उल्लेख गरिएको छ भने महिला,

सामाजिक विकास मन्त्रालय

बालबालिका, ज्येष्ठ नागरिक तथा समावेशीकरणको क्षेत्रमा उल्लेख्य बजेट समेत विनियोजन गरिएको छ । हाल प्रदेशको बजेटलाई समेत लैङ्गिक तथा सामाजिक समावेशीकरणको दृष्टिबाट प्रत्यक्ष उत्तरदायी, अप्रत्यक्ष उत्तरदायी र तटस्थताको आधारमा मूल्याङ्कन गर्ने परिपाटीको विकास भएको छ ।

## ३. वर्तमान स्थिति

कुल २६,९०५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको प्रदेश नं. १ ले मुलुकको कुल क्षेत्रफलको १७.६ प्रतिशत भूभाग ओगटेको छ । सोलुखुम्बु, संखुवासभा, ताप्लेजुङ्ग, ओखलढुङ्गा, खोटाङ्ग, भोजपुर, तेह्रथुम, पाँचथर, उदयपुर, धनकुटा, ईलाम, सुनसरी, मोरङ्ग र झापा गरी पूर्वी नेपालका १४ वटा जिल्ला समेटिएको यस प्रदेश अन्तर्गत १ महानगरपालिका, २ उप–महानगरपालिका, ४६ नगरपालिका र ८८ गाउँपालिका रहेका छन् । कुल जनसंख्या ४५,३४,९४३ (वि.सं. २०६८ को जनगणना अनुसार) रहेको यस प्रदेशमा कुल जनसंख्याको ३५.१ प्रतिशत आदिवासी जनजाति, ३१ प्रतिशत ब्राह्म/क्षेत्री, १३.३ प्रतिशत दलित, ४.३ प्रतिशत मुस्लिम र १५.४ प्रतिशत तराईका अन्य जात रहेका छन् । प्रदेशको कुल जनसंख्याको करिब २ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेका छन् भने लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूहको जनसंख्या पनि उल्लेख्य मात्रामा रहेको छ । भाषाको आधारमा नेपाली ४०.०७ प्रतिशत, मैथिली ११.१९ प्रतिशत, लिम्बु, ७.३१ प्रतिशत र थारु भाषा बोल्ने ३.९२ प्रतिशत रहेका छन् । प्रदेशको मानव विकास सूचकाङ्क ०.५०४ छ भने बहुआयामिक गरिबी औसत १९.७ छ । औसत आयु ७०.७ वर्ष रहेको यस प्रदेशमा महिलाको औषत आयु ७०.३ वर्ष र पुरुषको औषत आयु ६९.५ वर्ष रहेको छ ।

कुल जनसंख्यामध्ये महिलाको जनसंख्या ५२.२ प्रतिशत रहेको छ । कुल जनसंख्याको ७१.१ प्रतिशत साक्षरता दर रहेको यस प्रदेशमा महिला तथा पुरूष साक्षरता दर क्रमशः ६३.९४ प्रतिशत र ७९.३ प्रतिशत रहेको छ । विद्यालय शिक्षा खुद भर्ना दरमा आधारभूत (कक्षा १–५) तर्फ ९७.३ प्रतिशत रहेको छ भने उच्च शिक्षातर्फ १५.५ प्रतिशत रहेको छ । जनजाति विद्यार्थीको प्राथमिक तहमा भर्ना दर ५६.६ प्रतिशत, आधारभूत तहमा ५७.८ प्रतिशत र माध्यामिक तहमा ४२.६ प्रतिशत रहेको छ भने दलितको प्राथमिक तहमा १५.४ प्रतिशत, आधारभूत तहमा १४.४ प्रतिशत र माध्यामिक तहमा ७.९ प्रतिशत भर्ना दर रहेको छ । त्यसैगरी अपाङ्गता भएका विद्यालय जाने उमेरका विद्यार्थीको भर्ना दर ५० प्रतिशत रहेको छ । सरकारी विद्यालयमा कार्यरत शिक्षिका र शिक्षक क्रमशः ६६.२ र ३३.८ प्रतिशत रहेको छ । निजामती सेवामा दलितको प्रतिनिधित्व शुन्य देखिएको छ भने सामाजिक सशक्तीकरण सूचकाङ्क ०.४८ र आर्थिक सूचकाङ्क ०.४३ रहेको छ ।

प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिको नाममा घरजग्गा रजिष्ट्रेशन शुल्कमा २५ प्रतिशत छुट दिएको छ भने अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सवारी साधन खरिदमा कर नलाग्ने व्यवस्था गरेको छ । त्यसैगरी सामाजिक समावेशीता सुनिश्चित गर्न सकारात्मक विभेद र आरक्षणको माध्यमबाट विकासमा

पछाडि परेका समुदायको सहभागिता, सेवा सुविधामा पहुँच र सम्मानित जीवन सुनिश्चित गर्ने रणनीति लिएको छ । प्रदेश सरकार ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकतामा केन्द्रित भई सोही बमोजिमको कार्यनीति अवलम्बन गर्न पनि दृढ रहेको छ ।

## ४. समस्या तथा चुनौती

### ४.१ समस्या

नेपालको संविधानले संकल्प गरेको वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न र प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, सञ्चारको हक, न्यायको हक, समानताको हक र छुवाछूत तथा भेदभाव विरुद्धको हकको संरक्षण तथा प्राप्तिको लागि सामाजिक समावेशीकरण आवश्यक रहेकोमा प्रदेश सरकारले योजना तर्जुमा गर्दा लक्षित वर्गहरूको अवस्था विश्लेषणको आधारमा गर्ने नगरेको हुँदा हाल तर्जुमा गरिएको प्रथम आवधिक योजनाले महिला, दलित, मुस्लिम जस्ता सीमान्तीकृत समुदायको आवश्यकता सम्बोधन हुन सकेको छैन । प्रदेश सरकारको वार्षिक नीति, बजेट तथा कार्यक्रमहरू पनि महिला, दलित र लक्षित वर्गमैत्री र उत्तरदायी हुन नसकेको कारणले गर्दा लक्षित वर्गमा प्रदेश सरकारको कार्यक्रमप्रति अपनत्वको भावना देखिँदैन । प्रदेश सरकारले वार्षिक रूपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणलाई नियमित नगरेको हुँदा प्रदेश सरकार र मातहतका निकायहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण संस्थागत हुन सकेको छैन भने लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणबीचको अन्तरबारे जानकारी भएको समेत देखिँदैन ।

प्रदेश नं. १ का कतिपय सूचक समग्र राष्ट्रिय सूचकभन्दा राम्रो देखिए तापनि समाजमा अझैपनि छुवाछूत तथा विभिन्न जात, वर्ग, लिङ्ग, धर्मको आधारमा सामाजिक र आर्थिक विभेद कायमै रहेको छ । प्रदेशको स्रोत, साधन र सेवा सुविधामा महिला, दलित तथा सीमान्तीकृत समुदायको न्यायोचित पहुँच स्थापित हुन सकेको छैन । लिङ्गको आधारमा केही तथ्याङ्कहरू उपलब्ध भए पनि शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता विषयमा खण्डीकृत तथ्याङ्कहरू उपलब्ध छैनन् । त्यसैगरी रोजगारीको अवसरमा महिला र पुरुषबीच असमानता तथा आर्थिक स्रोतमा लक्षित वर्गहरूको न्यून पहुँच रहेको अवस्था छ । समाजमा लैङ्गिक हिंसामा अपेक्षित रूपमा कमी आउन सकेको छैन भने महिला माथिको जातीय, लैङ्गिक, सामाजिक, सांस्कृतिक विभेद कायम देखिएको छ । ग्रामीण र दलित महिलाको आर्थिक अवस्थामा अपेक्षित सुधार हुन सकेको छैन । महिला हिंसा, बालविवाह, बोक्सी प्रथा जस्ता सामाजिक कुरीति कायम रहेका छन् भने परम्पराको नाममा रूढिवादी अभ्यास, दाईजो प्रथा कायमै रहेको छ । सम्पत्तिमा महिलाको स्वामित्व स्थापित हुन सकेको छैन । त्यसैगरी यस प्रदेशमा काम गर्ने उमेर समूहको जनसंख्या ३२ प्रतिशत

अशिक्षित रहनु पनि मुख्य समस्याको रूपमा देखिएको छ । अर्कोतर्फ शिक्षित तथा अशिक्षित दुवै ठुलो संख्यामा बेरोजगार रहेको कारण उच्च शिक्षा हासिल गरेका महिलामा समेत काम गर्ने वातावरणको कमी देखिएको छ ।

त्यसैगरी परिवारबाट बिछोडिएका ज्येष्ठ नागरिकका लागि आश्रय स्थल नभएको, ज्येष्ठ नागरिकको ज्ञान, सीप, अनुभव र क्षमताको उपयोग तथा पुस्तान्तरण गर्न नसकिएको तथा एकल परिवारको वृद्धि भएसँगै ज्येष्ठ नागरिकको एकाङ्कीपनमा समेत वृद्धि भएर गएको देखिएको छ । अपाङ्गता भएका व्यक्तिको रोजगारीका लागि सीपमूलक र क्षमता अभिवृद्धि हुने कार्यक्रम न्यून भएको हुँदा अपेक्षित रूपमा आर्थिक अवस्था सुधार हुन सकेको छैन । समाजमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय अझ बढी विभेद र हिंसाको सिकार हुने अवस्था रहेको र यी समुदायका व्यक्तिहरूले अझैपनि सम्मानपूर्वक जीवनयापन गर्न पाएका छैनन्, जसले गर्दा लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको आर्थिक-सामाजिक अवस्थामा न्यायोचित रूपमा सुधार हुन सकेको छैन ।

प्रदेशको स्रोत, साधन, अवसर र लाभको वितरणमा लक्षित वर्गको न्यायोचित पहुँचको सुनिश्चितता नहुनु, शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकहरूको अर्थपूर्ण सहभागिता नहुनु, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणालीमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता नहुनु जस्ता विषय समेत समस्याको रूपमा रहेका छन् ।

## ४.२ चुनौती

नेपाली समाजको परम्परागत र पितृसत्तात्मक सोचको प्रभावबाट प्रदेश नं. १ पनि अछुतो नरहेको अवस्थामा यस प्रदेशमा समेत समानता र समावेशी शासन स्थापना गर्न थुप्रै चुनौतीहरू रहेका छन् । महिलाको नेतृत्व स्थापित गराउनु, महिलाप्रतिको विभेदपूर्ण दृष्टिकोणमा परिवर्तन ल्याउनु, पछाडि पारिएका महिलालाई आर्थिक तथा सामाजिक रूपमा सक्षम बनाउनु, स्रोत र साधनमा रहेको असमानता हटाउनु, लैङ्गिक तथा घरेलु हिंसा न्यूनीकरण गर्नु, निर्णय क्षमतामा वृद्धि गर्नु, समाजमा विद्यमान कुरीति र कुसंस्कार निर्मुल पार्नु, राज्य संरचनामा समानुपातिक प्रतिनिधित्व गराउनु, आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा रहेको विभेद अन्त्य गर्नु, स्रोत, साधन र अवसरमा समावेशीताको मर्म अनुरूपको अवसर सृजना गर्नु जस्ता चुनौतीहरू मुख्य रूपमा रहेका छन् ।

त्यसैगरी ज्येष्ठ नागरिक ग्राम तथा दिवा सेवा केन्द्रको विस्तार नहुनु, सरकारी र गैरसरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रमको समन्वय र अनुगमन नहुनु, प्रदेशभर सञ्चालित वृद्धाश्रमको प्रभावकारी अनुगमन नहुनु, अपाङ्गतामैत्री संरचना नबन्नु र बनेका संरचना पनि गुणस्तरीय बन्न नसक्नु, अपाङ्गता भएका व्यक्तिहरू र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय प्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तन ल्याउनु र उनीहरूको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चित गर्दै आर्थिक रूपमा सक्षम बनाउनु समेत चुनौतीको रूपमा रहेका छन् ।

यसरी सामाजिक समावेशीकरणको अवधारणामा सरोकारवालाहरूबीच साझा दृष्टिकोण कायम गर्दै प्रदेशका सबै संरचनामा लक्षित समुदायको समानुपातिक सहभागिता सुनिश्चित गरी महिला, दलित, मुस्लिम र अन्य पिछडिएका वर्गहरूको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थामा रूपान्तरणमार्फत प्रदेशको समग्र विकासका यावत् क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्नु मुख्य चुनौतीको रूपमा रहेको छ ।

## ५. नीतिको आवश्यकता

### ५.१ अन्तर्राष्ट्रिय प्रावधान

संयुक्त राष्ट्रसंघद्वारा सन् १९४८ मा जारी गरिएको मानव अधिकारको विश्वव्यापी घोषणापत्रका ३० वटै धाराले विश्वका सबै मानिसहरूको व्यक्तिगत स्वतन्त्रता र आत्मरक्षाको अधिकारको संरक्षण गरेको छ । जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अरू विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति वा अरू कुनै मर्यादाको आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई स्वन्त्रताको अधिकार यस घोषणापत्रले प्रत्याभूत गरेको छ । त्यसैगरी सबै व्यक्तिलाई कानूनको दृष्टिमा समान मानी कानूनको समान संरक्षणको अधिकार प्रत्याभूत गरिएको छ । यसरी मानव अधिकारको विश्वव्यापी घोषणापत्रका सबै धाराहरूमा उल्लिखित व्यक्तिका अधिकारहरूको सुनिश्चित गर्नु प्रत्येक सदस्य राष्ट्रको जिम्मेवारी हुन आउँछ ।

सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुसार राष्ट्रहरूले विशेषतः जातीय विखण्डन तथा रङ्गभेदको आफ्नो क्षेत्राधिकार अन्तर्गतका इलाकाहरूमा यस्ता प्रकृतिका सबै व्यवहारलाई रोक लगाउने, निषेध गर्ने तथा उन्मूलन गर्ने प्रतिज्ञा गरेको छ । आदिवासी तथा जनजाति सम्बन्धी महासन्धि, १९८९ ले आदिवासी जनजातिको सहभागितामा यिनीहरूको अधिकार संरक्षण गर्न र निजहरूको अखण्डताको सम्मानलाई प्रत्याभुति गर्न समन्वित र प्रणालीबद्ध कार्यको विकास गर्ने जिम्मेवारी सरकारलाई दिएको छ, जसको लागि राष्ट्रिय कानून तथा नियमहरूले मुलुकको जनसंख्याको अन्य सदस्यहरूलाई प्रदान गरेको अधिकार तथा अवसरबाट आदिवासी जनजातिहरूले समान फाइदा लिएको सुनिश्चितता सरकारले गर्नुपर्दछ । त्यस्तै आदिवासी जनजातिका सामाजिक तथा सांस्कृतिक पहिचान, परम्परा तथा प्रथा र संस्थाप्रतिको सम्मान राख्दै निजहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारको पूर्ण कार्यान्वयनको प्रवर्धन गर्ने जिम्मा पनि महासन्धिले सरकारलाई दिएको छ ।

सन् २०३० सम्ममा सबै प्रकारका गरिबीको उन्मूलन गरी समान, न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना गरेको दिगो विकास लक्ष्यले आर्थिक, सामाजिक र वातावरण गरी तीनओटा खम्बामा केन्द्रित रही अधिकारमा आधारित १७ लक्ष्य र १६९ सहायक लक्ष्यहरूमा दिगो विकास अवधारणाको बृहत दायरा समेटेको छ । यस अवधारणाका पाँचवटा स्तम्भहरूमध्ये मानव एक हो, जसअन्तर्गत सबै प्रकारका गरिबी र भोकमरीको अन्त्य गर्ने र मर्यादा एवं समानता कायम गर्ने परिकल्पना गरिएको छ । यसका १७ वटा लक्ष्यहरू मध्ये लक्ष्य १ ले विश्वबाट गरिबीको अन्त्य गर्ने, लक्ष्य ३ ले सबै उमेर समूहका

व्यक्तिका लागि स्वस्थ्य जीवन र समृद्धिको परिकल्पना गरेको छ । त्यसैगरी लक्ष्य ४ ले समावेशी तथा समतामूलक शिक्षा र स्वास्थ्यको परिकल्पना गरेको छ भने लक्ष्य ५ ले लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने लक्ष्य लिएको छ । यसले पृथ्वीमा बस्ने सबैका लागि स्वच्छ खानेपानी, सफाई र उर्जामा पहुँचको सुनिश्चिततामा जोड दिएको छ । यसले समावेशी दिगो आर्थिक वृद्धि, रोजगारी र मर्यादित कामको प्रवर्धन, समावेशी र दिगो औद्योगिकरणको प्रवर्धन र शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित र दिगो बनाउने लक्ष्य लिएको छ । यी सबै लक्ष्य कार्यान्वयनको निम्ति पहिलो प्राथमिकता पहिचान, दोस्रो नीतिगत हस्तक्षेप, तेस्रो स्रोत साधनहरूको लगानी र चौथो संस्थागत तत्परताको आवश्यकता रहेको छ । नेपालको सन्दर्भमा दिगो विकासले लिएका सबै लक्ष्य कार्यान्वयनको जिम्मेवारी प्रदेश सरकारको समेत रहेको छ ।

## ५.२ राष्ट्रिय प्राबधान

नेपालको संविधानले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने संकल्प गरेको छ । प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको व्यवस्था संविधानले गरेको छ । समानताको हकले सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् भनी समानताको प्रत्याभूत गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण र सशक्तीकरण वा विकासको लागि कानून बमोजिम विशेष व्यवस्था गर्नको लागि प्रोत्साहन गरेको छ । त्यसैगरी छुवाछूत तथा भेदभाव विरुद्धको हकले कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनैपनि निजी तथा सार्वजनिक स्थानमा छुवाछूत तथा भेदभाव गर्नबाट वञ्चित गरेको छ । प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसारको धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता प्रदान गर्दै प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने तथा आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक पनि प्रदान गरेको छ । दलितको हक अन्तर्गत राज्यको सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक प्रदान गरिएको छ भने सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताको सुनिश्चितताको प्रत्याभूत गर्दै दलित विद्यार्थीहरूलाई प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ । ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक प्रदान गरिएको छ । सामाजिक न्यायको हक अन्तर्गत आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका नागरिकलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक प्रदान गर्दै आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हकको प्रत्याभूत गरिएको छ । सोही हकमा अपाङ्गता भएका

व्यक्तिलाई मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक सुनिश्चित गरिएको छ ।

नेपाल सरकारले "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षा हासिल गर्न आगामी २५ वर्षका लागि दीर्घकालीन सोच सहित पन्ध्रौं योजना (२०७६/७७–२०८०/८१) कार्यान्वयनमा ल्याई सकेको छ । प्रदेश र स्थानीय तहका दीर्घकालीन सोच र आवधिक योजनालाई समेत मार्गदर्शन गर्ने गरी तर्जुमा गरिएको यस योजनमा समानता र समावेशीकरणका लक्ष्यहरू यसप्रकार निर्धारण गरिएका छन् :-

| लक्ष्य | एकाइ | आधार वर्ष (२०७५/७६) को स्थिति | आ.व. (२०८०/८१) को लक्ष्य |
|---|---|---|---|
| आर्थिक वृद्धिदर | प्रतिशत | ६.८ | १०.३ |
| बहुआयामिक गरिबीको रेखामुनी रहेको जनसंख्या | प्रतिशत | २८.६ | ११.५ |
| अपेक्षित आयु | वर्ष | ६९.७ | ७२ |
| साक्षरता दर | प्रतिशत | ५८ | ९५ |
| मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५७९ | ०.६२४ |
| लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८९७ | ०.९६३ |
| महिला पुरुषबीचको ज्यालाको अनुपात | | ०.७२ | ०.८ |
| लैङ्गिक असमानता | सूचकाङ्क | ०.४७६ | ०.३९ |
| जीवनकालमा शारीरिक, मानसिक वा यौन हिंसा पीडित महिला सूचकाङ्क | प्रतिशत | २४.४ | १३ |
| दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | अनुपात | ८८.९ | १०० |
| ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा मिलन केन्द्र | संख्या | ८७ | ७५३ |

स्रोतः पन्ध्रौं योजना (आ.व. २०७६/७७-२०८०-८१)

यसरी सामाजिक समावेशीकरणलाई महत्वपूर्ण स्थान दिइएको पन्ध्रौं योजनाको उपर्युक्त लक्ष्य पुरा गर्नका लागि तीनै तहका सरकारको संयुक्त पहलकदमीको आवश्यकता देखिन्छ ।

**५.३ प्रादेशिक प्राबधान**

प्रदेश विकासको भावी मार्गचित्रको रूपमा प्रदेश नं. १ को प्रथम आवधिक योजना तर्जुमा भई लागु भएको छ । "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय लक्ष्यलाई आत्मसाथ गरी प्रदेशवासीको आवाज, अपेक्षा, आवश्यकता र भावनालाई आत्मसाथ गर्दै प्रदेशको प्रथम आवधिक योजनाले असमानतालाई सम्बोधन गर्दै "सामाजिक न्यायसहितको समृद्ध प्रदेश" निर्माण गर्ने लक्ष्य लिएको छ । दिगो, समावेशी र समतामूलक प्रदेशको विकासका लागि लिइएका तीनवटा रणनीतिक प्राथमिकतामध्ये दोस्रो प्राथमिकता सामाजिक

असमानता हटाउन आधारभूत गुणस्तरीय शिक्षा, स्वास्थ्य र सम्बद्ध सेवा सुविधाको सुनिश्चितताको परिकल्पना गरिएको छ । उक्त परिकल्पना कार्यान्वयनका लागि समावेशीतालाई मुख्य आधारको रूपमा लिई निर्धारण गरिएका लक्ष्यहरू यसप्रकार रहेका छन् :-

| **सूचक** | **एकाइ** | **आ.व. २०७५/७६ को यथार्थ** | **योजना अवधि (आ.व. २०८०/८१ सम्म) को औषत लक्ष्य** |
|---|---|---|---|
| बहु आयामिक गरिबीको जनसंख्या | प्रतिशत | १९.७ | १४ |
| मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५०४ | ०.६०० |
| लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.९२५ | ०.९६३ |
| साक्षरता दर | प्रतिशत | ७९.१ | ९९ |
| लैङ्गिक सशक्तीकरण सूचकाङ्क | सूचकाङ्क | ०.५७ | ०.६९ |
| लैङ्गिक हिंसा न्यूनीकरण | प्रतिशत | २२.२ | २१ |
| लैङ्गिक असमानता न्यूनीकरण सूचकाङ्क | सूचकाङ्क | ०.३८ | ०.२८ |
| रोजगार आम्दानीमा लैङ्गिक असमानता (पुरूषःमहिला) | अनुपात | ०.५८:०.४२ | |
| आर्थिक असमानता सम्पत्तिमा | सूचकाङ्क | ०.३५ | ०.३२ |

स्रोत : प्रदेश पार्श्वचित्र र प्रदेश नं. १ को प्रथम आवधिक योजना (२०७६/७७-२०८०-८१)

## ६. दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

### ६.१ दीर्घकालीन सोच

समानुपातिक समावेशी, समतामूलक र समृद्ध प्रदेशको निर्माण ।

### ६.२ लक्ष्य

सामाजिक न्याय सहितको मर्यादित जीवन र समृद्ध समाजको निर्माण गर्ने ।

### ६.३ उद्देश्य

१. आर्थिक, सामाजिक, राजनीतिक र भौगोलिक रूपमा वञ्चित र बहिष्करणमा परेका व्यक्ति र समुदायको स्रोत, साधन, सेवा तथा सुविधामा समानुपातिक समावेशीताको सुनिश्चित गर्नु ।

२. शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा गुणात्मक सुधार गर्दै समतामूलक समाजको निर्माण गर्नु ।

३. प्रदेश सरकारका सबै निकाय र तहमा समानुपातिक समावेशीताको लक्ष्य प्राप्तीको लागि समावेशी शासन प्रणालीको निर्माण गर्नु ।

सामाजिक विकास मन्त्रालय

४. आर्थिक समृद्धि र दिगो विकासका लागि लक्षित वर्गको समान अग्रसरता, नेतृत्वदायी भूमिका, समान अवसर, प्रतिफल र लाभको सुनिश्चित गर्नु ।

## ६.४ नीति, रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| नीति १ : सामाजिक समावेशीकरणको अवधारणालाई प्रदेश तथा स्थानीय तहमा संस्थागत गर्ने । | |
| १. सामाजिक समावेशीकरणलाई संस्थागत गर्न आवश्यक नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन गर्ने । | १. सामाजिक समावेशीकरणको अवधारणा अनुरूप प्रदेश स्तरीय विषयगत मन्त्रालय र अन्तर्गतका निकायहरूका लागि ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड लगायतका कानूनको तर्जुमा गरिने ।<br>२. स्थानीय तहहरूमा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा गरी कार्यान्वयन गरिने ।<br>३. प्रदेशका विद्यमान कानूनलाई समावेशी बनाउन आवश्यक परिमार्जन र पुनरावलोकन गरिने । |
| २. प्रदेशका सबै निकाय र स्थानीय तहमा समावेशीकरण सम्बन्धी आवश्यक भौतिक तथा सामाजिक संरचनाको स्थापना गर्ने । | १. प्रदेश सरकार मातहतका निकाय तथा स्थानीय तहमा महिला, बालबालिका तथा अपाङ्गतामैत्री भौतिक संरचनाको स्थापना गरिने ।<br>२. सामाजिक समावेशीकरणका लागि प्रदेश सरकार, मातहतका कार्यालयहरू तथा स्थानीय तहमा सामाजिक संरचना (शाखा, एकाइ, डेस्क, सम्पर्क बिन्दु) स्थापना गरिने ।<br>३. प्रदेश र स्थानीय तह अन्तर्गतका सबै कार्यालयहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यस्थल बनाउने व्यवस्था गरिने ।<br>४. लक्षित वर्गको सहभागितामा प्रदेश स्तरीय समितिहरू गठन गरी लक्षित कार्यक्रम सञ्चालन गरिने । |
| नीति २ : प्रदेशको समानुपातिक समावेशी विकासमा सीमान्तीकृत समूहहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने । | |
| १. प्रदेश संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने । | १. विकासका सबै प्रक्रियामा दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरू र अन्य सीमान्तीकृतहरूको सहभागिता सुनिश्चित गर्न आरक्षणको व्यवस्था गरिने ।<br>२. अति गरिब तथा लोपोन्मुख समुदायका व्यक्तिलाई प्रदेश तथा स्थानीय तहबाट प्रदान गरिने विभिन्न प्रकारका सेवा सुविधाहरू निःशुल्क रूपमा प्रवाह गर्ने व्यवस्था गरिने । |

सामाजिक विकास मन्त्रालय

| | |
|---|---|
| २. प्रदेश तथा स्थानीय तहमा स्रोत, साधन तथा सेवा सुविधा परिचालन र व्यवस्थापनमा समावेशीकरणलाई आन्तरिकीकरण गर्ने । | १. प्रत्येक स्थानीय तहमा सीमान्तीकृत समुदायको पहिचान गरी खण्डीकृत तथ्याङ्क सङ्कलन र एकीकरण गरी एकीकृत डाटाबेस तयार गरिने ।<br>२. प्रदेश र स्थानीय तहमा लक्षित वर्ग र समुदाय सम्बन्धी आधारभूत सूचना आदान-प्रदान गर्न स्वचालित विद्युतीय प्रणालीको उपयोग गरिने ।<br>३. स्थानीय स्रोतको पहिचान, परिचालन र व्यवस्थापनमा सीमान्तीकृत वर्गका व्यक्ति र समुदायको सहभागिता सुनिश्चितता गरिने ।<br>४. स्थानीय स्रोत र साधनको परिचालन गरी सीमान्तीकृत समूहको आवश्यकताको आधारमा योजना तर्जुमा गर्ने व्यवस्था गरिने ।<br>५. प्रदेशको स्रोत, साधन र सेवा सुविधामा दलित तथा सीमान्तीकृत वर्गको न्यायपूर्ण पहुँच सुनिश्चित गरिने । |
| ३. प्रदेश, स्थानीय तह, सरकारी तथा गैरसरकारी संघ संस्थाहरूको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र विकासका सबै प्रक्रियामा लक्षित वर्गको चालिस प्रतिशत सहभागिता सुनिश्चित गर्ने । | १. स्थानीय तहमा उपभोक्ता समितिमार्फत सञ्चालन हुने विकास निर्माणका कार्यहरूमा वञ्चितीकरणमा परेका वर्ग र समुदायको चालिस प्रतिशत सहभागिता सुनिश्चित गरिने ।<br>२. स्थानीय तहको विकास निर्माण कार्यको अनुगमन तथा मूल्याङ्कन र लाभ वितरणमा वञ्चितीकरणमा परेका वर्गको चालिस प्रतिशत सहभागिता सुनिश्चित गर्न कार्यविधि तथा मापदण्डको तर्जुमा, परिमार्जन तथा पुनरावलोकन गरिने ।<br>३. निर्णायक तहमा लक्षित वर्गको चालिस प्रतिशत सहभागिता सुनिश्चित गरिने । |
| नीति ३ : वञ्चितीकरणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जाति, धर्म र भाषालाई विकासको प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने । | |
| १. वञ्चितीकरणमा परेका वर्ग तथा समुदाय लक्षित विशेष कार्यक्रम सञ्चालन गर्ने । | १. प्रदेशको संरचना, स्रोत साधन, अवसर र लाभमा विभिन्न लक्षित वर्ग र समुदायको हाल भएको अन्तरलाई कम गर्न उक्त वर्ग र समुदायका नागरिकको आवश्यकता सम्बोधन हुने गरी कार्यक्रम तर्जुमा गरिने ।<br>२. लक्षित समुदायमा रहेको गरिबी घटाउन आर्थिक, सामाजिक तथा शैक्षिक क्षेत्रको अन्तर कम गर्दै सामाजिक न्याय सहितको समावेशी विकास हासिल गर्न क्षेत्रगत लक्षित कार्यक्रम सञ्चालन गरिने ।<br>३. लक्षित समुदायको मानव विकास सूचकाङ्कको आधारमा |

| | |
|---|---|
| | विभिन्न कार्यक्रम सञ्चालन गरी उनीहरूको जीवनको गुणस्तरमा सुधार गरिने ।<br>४. लक्षित वर्गको अवस्था विश्लेषण गरी आवश्यकताको आधारमा योजना तथा कार्यक्रम तर्जुमा गरिने । |
| २. सामाजिक व्यवहार सुमधुर बनाउन विद्यमान रहेका सबै प्रकारका भेदभाव, छुवाछूत, कुरीति र कुसंस्कारजन्य व्यवहार तथा प्रचलनको अन्त्य गर्ने । | १. स्थानीय तहमा सामाजिक आचरण व्यवहार सम्बन्धी आचारसंहिता निर्माण गरी कार्यान्वयन गरिने ।<br>२. समाजमा रहेका कुरीति तथा भेदभावजन्य प्रचलन र व्यवहार तथा नकारात्मक सामाजिक मूल्य मान्यता विरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने ।<br>३. बालविवाह, बहुविवाह, दाइजो प्रथा, महिला हिंसा, छुवाछूत, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वास अन्त्य गर्न स्थानीय तहलाई सक्रिय बनाइने ।<br>४. सामाजिक भेदभावजन्य कार्य विरूद्धका कानूनहरूको स्थानीय स्तरमा पालना गर्न त्यस्ता कानूनबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने । |
| नीति ४ : प्रदेश संयन्त्रबाट उपलब्ध हुने स्रोत, साधन, सेवा सुविधा र अवसर प्राप्तिको लागि लक्षित वर्गको सशक्तीकरण गरी उनीहरूको न्यायोचित पहुँच अभिवृद्धि गर्ने । | |
| १. समानुपातिक सामावेशीकरणको माध्यमबाट स्रोत, साधन तथा सेवा सुविधामा पहुँच सुनिश्चित गर्ने । | १. आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, लोपोन्मुख जाति, पिछडा वर्ग, विकट स्थानमा बसोबास गर्ने व्यक्ति वा समुदाय र गरिब खस आर्यको आर्थिक, राजनीतिक शैक्षिक र सामाजिक स्तरमा सुधार गरी स्रोत साधनमा पहुँच बढाइने ।<br>२. प्राकृतिक स्रोतको दिगो व्यवस्थापन र उपयोगमा सीमान्तीकृत वर्गको समान हिस्सेदारी सुनिश्चित गरिने ।<br>३. प्रदेश तथा स्थानीय सरकारले प्रदान गरेको सेवा सुविधाको बारेमा लक्षित वर्गले जानकारी प्राप्त गरी प्रयोग गरेको सुनिश्चित गरिने । |
| २. सीमान्तीकृत वर्ग र समुदायको आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक र सांस्कृतिक रूपले सशक्तीकरण गर्ने । | १. सीमान्तीकृत समूह तथा व्यक्तिहरूको लागि सीप विकास तालिम, छात्रवृत्ति, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण लगायतका कार्यक्रम सञ्चालन गरिने ।<br>२. प्रदेश र स्थानीय क्षेत्रभित्रका रोजगारीका अवसरमा लक्षित वर्गको पहुँच तथा अवसर अभिवृद्धि गर्न उनीहरूलाई सीप विकास तालिम प्रदान गरी क्षमता |

सामाजिक विकास मन्त्रालय

| | |
|---|---|
| | अभिवृद्धि गरिने ।<br>३. हरवा, चरवा र भूमिहीन सुकुम्बासीहरूको पहिचान गरी बसोबास तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन तथा रोजगारीको व्यवस्था गरी पुनःस्थापना गर्न कार्यक्रम सञ्चालन गरिने ।<br>४. आर्थिक रूपमा पछाडि परेका समुदाय र व्यक्तिको आर्थिक विकासका लागि सहुलियतपूर्ण कर्जा प्रवाह, सहकारी एवं समूह बचत परिचालनमार्फत वित्तीय स्रोतमा पहुँच स्थापना गरिने ।<br>५. दलित, गरिब तथा लक्षित वर्गको लागि व्यवसायमूखी तालिमको व्यवस्था गरी व्यवसाय गर्ने वातावरण, अवसर र उत्पादित सामग्री बिक्रीवितरण गर्ने वातावरणको निर्माण गर्दै सीमान्तीकृत वर्गको आर्थिक सबलीकरणका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिने ।<br>६. दलित विद्यार्थीलाई प्राथमिक तहदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गर्ने ।<br>७. सामाजिक मान्यतामा आधारित परम्परागत पेशाको आधुनिकीकरण र व्यवसायीकरण गरी आय आर्जनमा सहयोग गरिने । |
| ३. आदिवासी जनजाति, दलित, मुस्लिम, मधेशी तथा पिछडा वर्गको मातृभाषा, संस्कृति र संस्कारको रक्षा एवं प्रवर्धन गर्ने । | १. स्थानीय आवश्यकता अनुसारको आधारभूत तहको शिक्षामा लक्षित वर्गको मातृभाषामा पाठ्यक्रम निर्माण गरी पठनपाठनको व्यवस्था मिलाइने ।<br>२. विद्यालयस्तरको शिक्षामा सामाजिक समावेशीकरणका विषयवस्तु समावेश गरिने ।<br>३. गुम्बा, मदरसा जस्ता धार्मिक शैक्षिक संस्थाहरूको संस्थागत क्षमता सुदृढीकरण गरिने ।<br>४. सांस्कृतिक सम्पदाको जगेर्ना गरी परम्परागत ज्ञान, सीप, कला, सामाजिक-सांस्कृतिक परम्परा र अनुभवको संरक्षण र संवर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिने ।<br>५. स्थानीय तहमार्फत स्थानीय भाषा, साहित्य, कला तथा संस्कृतिको संरक्षण, संवर्द्धन र विकासको लागि गैरसरकारी संस्थाहरुको सहयोग परिचालन गरिने । |
| ४. समाज र परिवारबाट बहिष्करणमा परेका व्यक्ति र समुदायको पहिचान, पुनःस्थापना र प्रर्वधन गर्ने । | १. पिछडिएका क्षेत्र र समुदायका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता पूर्ति तथा अवसर र लाभका लागि विशेष |

सामाजिक विकास मन्त्रालय

| | |
|---|---|
| | कार्यक्रम सञ्चालन गरिने ।<br>२. पिछडा वर्ग, उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकलाई अवसर तथा लाभको समान वितरणको व्यवस्था गरिने ।<br>३. सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, वर्ग, जात, धर्म, क्षेत्रलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिने ।<br>४. लैङ्गिक हिंसामा परेका व्यक्ति, संरक्षण गर्नुपर्ने बालबालिका तथा मानसिक समस्या भएका व्यक्तिको पहिचान गरी उनीहरूको संरक्षण, पुनःस्थापना र सशक्तीकरण गरिने । |
| नीति ५ : महिला, दलित, मधेशी, मुस्लिम, अल्पसंख्यक, पिछडा वर्गको सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक र सांस्कृतिक अवस्थामा रूपान्तरण गर्नको लागि क्षमता अभिवृद्धि गर्ने । | |
| १. लक्षित कार्यक्रम सञ्चालन गर्ने निकायहरूको संस्थागत सुदृढीकरण गरी क्षमता अभिवृद्धि गर्ने । | १. लक्षित कार्यक्रम सञ्चालन गर्ने प्रदेश मातहतका निकाय तथा स्थानीय तहहरूको संस्थागत सुदृढीकरण गरिने ।<br>२. लक्षित कार्यक्रम सञ्चालन गर्ने निकायहरूको संस्थागत क्षमता अभिवृद्धि गर्न त्यस्ता निकायको विषय कार्यक्षेत्रगत अनुभव समेतको आधारमा सूची तयार गरी स्रोत साधनको प्रक्षेपण गरी व्यवस्था गरिने । |
| २. प्रदेश तथा स्थानीय तहमा सामाजिक समावेशीकरण सम्बन्धी दीर्घकालीन र अल्पकालीन योजना तर्जुमा गर्ने । | १. प्रदेश र स्थानीय तहले सामाजिक समावेशीकरणको आवधिक योजना तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गराउने व्यवस्था गरिने ।<br>२. विकासका सबै साझेदार र गैरसरकारी संस्थाहरूलाई सामाजिक समावेशीकरण सम्बन्धी दीर्घकालीन र अल्पकालीन योजना तर्जुमा एवं कार्यान्वयन गर्न लगाउने व्यवस्था गरिने ।<br>३. प्रदेशका सबै तह र क्षेत्रहरूमा विद्यमान समावेशीकरणका मामिलाहरूको पहिचान गरी सम्बोधन गर्न कार्यक्रम सञ्चालन गरिने । |
| ३. प्रदेश मातहतका निकाय तथा स्थानीय तहहरूबीच समन्वय र सहकार्य गर्ने । | १. प्रदेश र स्थानीय तहमा समावेशीकरण सम्बन्धी एकीकृत सूचना प्रणालीको व्यवस्थापन गरी यस क्षेत्रसँग सम्बन्धित सूचनाहरू आदान प्रदान गरिने ।<br>२. सामाजिक समावेशीकरणमा संघ, प्रदेश र स्थानीय तहहरूबीच समन्वय कायम गर्दै मामिलाहरूको पहिचान र समस्या समाधानका लागि कार्यक्रम सञ्चालनमा सहकार्य गरिने ।<br>३. सामाजिक समावेशीकरणका क्षेत्रमा कार्य गर्ने आयोग |

| | | | |
|---|---|---|---|
| | | | तथा निकायहरूसँग समन्वय गरी नीति कार्यान्वयनमा देखिएका समस्याहरूको समाधानका लागि समन्वय गरिने । |
| ४. | सामाजिक समावेशीकरणका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यासको अनुसरण गर्ने । | १. | स्थानीय तहहरूमा भएका असल अभ्यासहरूको परिचालन तथा दस्तावेजीकरण गरी अन्य स्थानीय तहहरूबीच प्रचार-प्रसार गरिने । |
| | | २. | समावेशीकरणका लागि अन्तर्राष्ट्रिय स्तरमा भएका अभिसन्धि, दुईपक्षीय र बहुपक्षीय प्रतिबद्धताहरूको कार्यान्वयनमा जोड दिइने । |

सामाजिक विकास मन्त्रालय

## ७. नीति कार्यान्वयनका लागि कार्ययोजना

| क्रियाकलाप | समय | अनुमानित लागत रू. | कार्यक्रम कार्यान्वयन हुने तह/संस्था | जिम्मेवार निकाय | सहयोगी निकाय | मापनका स्रोत |
|---|---|---|---|---|---|---|
| सामाजिक समावेशीकरणको नीति तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । | पहिलो वर्ष | ४,२९,००,००० | प्रादेशिक मन्त्रालय र स्थानीय तह | सामाजिक विकास मन्त्रालय | प्रादेशिक मन्त्रालय र स्थानीय तह | तर्जुमा भएको नीति |
| नीति तथा कानूनको मसौदा तयार गर्दा समावेशीताको दृष्टिले कार्यदल गठन गरी सीमान्तीकृत वर्गहरूसँग सल्लाह सुझाव लिने । | पहिलो वर्ष | - | प्रादेशिक मन्त्रालय र स्थानीय तह | सामाजिक विकास मन्त्रालय | प्रादेशिक मन्त्रालय र स्थानीय तह | कार्यदलका सदस्यको नामावली |
| तर्जुमा गरेका नीति, कानून, कार्यविधि, निर्देशिकाको लैससासको दृष्टिकोणबाट पुनरावलोकन र परिमार्जन गर्ने | पहिलो वर्ष | १,४३,००,००० | प्रादेशिक मन्त्रालय र स्थानीय तह | सामाजिक विकास मन्त्रालय | प्रादेशिक मन्त्रालय र स्थानीय तह | पुनरावलोकन/परिमार्जन भएका कानुनी दस्तावेजहरू |
| कानूनहरू सबैको पहुँच हुने गरी स्थानीय भाषा सहितमा वेबसाइट तथा सञ्चार माध्यमहरूबाट प्रचार-प्रसार गर्ने । | दोस्रो वर्ष | १,००,००,००० | प्रादेशिक मन्त्रालय र स्थानीय तह | सामाजिक विकास मन्त्रालय | प्रादेशिक मन्त्रालय र स्थानीय तह | प्रकाशन तथा वेबसाइट |
| कर्मचारी, प्रतिनिधि र सरोकारवालाहरूलाई सामाजिक समावेशीकरण नीति सम्बन्धमा अभिमुखीकरण गर्ने । | पहिलो र दोस्रो वर्ष | १,४३,००, ००० | प्रादेशिक मन्त्रालय र स्थानीय तहका | सामाजिक विकास मन्त्रालय | प्रादेशिक मन्त्रालय र स्थानीय तह | अभिमुखीकरण प्रतिवेदन |
| महिलामैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री | दोस्रो | ३,००,००,००० | प्रादेशिक मन्त्रालय | सामाजिक विकास | प्रादेशिक | निर्माण भएका भौतिक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| शौचालयको निर्माण, RAMP को निर्माण गर्ने । | र तेस्रो वर्ष | | र स्थानीय तह | मन्त्रालय | मन्त्रालय र स्थानीय तह | संरचनाहरू |
| प्रादेशिक मन्त्रालयमा शाखा/एकाइ तथा स्थानीय तहमा डेस्क/सम्पर्कबिन्दु स्थापना गरिने । | पहिलो वर्ष | ५,००,००,००० | प्रादेशिक मन्त्रालय र स्थानीय तह | सामाजिक विकास मन्त्रालय | प्रादेशिक मन्त्रालयहरू र स्थानीय तह | शाखा/एकाइ/डेस्क/सम्पर्कबिन्दु |
| कार्यालयमा हुन सक्ने यौनजन्य दुर्व्यवहार निर्मुल गर्न कार्यविधि, आचारसंहिता र उजुरी सुन्ने व्यक्तिको व्यवस्था गर्ने । | पहिलो वर्ष | २,००,००,००० | प्रदेश र स्थानीय तहका सबै कार्यालय | सामाजिक विकास मन्त्रालय | प्रादेशिक मन्त्रालयहरू र स्थानीय तह | कार्यविधि, आचारसंहिता र उजुरी सुन्ने व्यक्ति |
| स्तनपान कक्ष, गर्भवती महिला कर्मचारीको लागि आराम कक्षको व्यवस्था गर्ने | दोस्रो वर्ष | १,४३,००,००० | प्रदेश र स्थानीय तहका सबै कार्यालय | सामाजिक विकास मन्त्रालय | प्रादेशिक मन्त्रालयहरू र स्थानीय तह | निर्माण भएको स्तनपान कक्ष, आराम कक्ष |
| गर्भवती तथा सुत्केरी महिला कर्मचारीहरूको लागि लचिलो कार्यसमयको व्यवस्था गर्ने | पहिलो वर्ष | - | प्रदेश र स्थानीय तहका सबै कार्यालय | सामाजिक विकास मन्त्रालय | प्रादेशिक मन्त्रालयहरू र स्थानीय तह | लचिलो कार्य समय व्यवस्थाको बारेमा भएको निर्णय |
| श्रेणीविहीन र प्राविधिक कर्मचारीहरू करारमा पदपूर्ति गर्दा समावेशीताको आधारमा गर्ने । | पहिलो वर्ष | - | प्रदेश र स्थानीय तहका सबै कार्यालय | प्रदेश मातहतका सबै निकाय तथा स्थानीय तहहरू | प्रादेशिक मन्त्रालयहरू र स्थानीय तह | पदपूर्ति गरिएको कर्मचारीको नामावली । |
| अति गरिब तथा लोपोन्मुख समुदायका व्यक्तिलाई कृषिमा आय कर, सेवा शुल्क, दस्तुर, दण्ड, जरिवाना आदि निःशुल्क प्रवाहको व्यवस्था गरिने । | पहिलो वर्षबाट निरन्तर रूपमा | - | प्रादेशिक मन्त्रालय र स्थानीय तह | प्रादेशिक मन्त्रालयहरू | स्थानीय तह | प्रदेश तथा स्थानीय सरकारबाट भएको निर्णय |
| पछाडि परेका वर्ग, जात, जाति, लिङ्ग, क्षेत्र तथा समुदायको खण्डीकृत तथ्याङ्क | दोस्रो वर्ष | १,३७,००,००० | स्थानीय तह | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | सङ्कलित खण्डीकृत तथ्याङ्क |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सङ्कलन एवं विश्लेषण गर्ने । | | | | | | |
| सामाजिक समावेशीकरण नीतिको प्रत्येक ३/३ वर्षको अन्तरालमा प्रभाव मूल्याङ्कन गर्ने । | तेस्रो वर्ष | २,००,००० | प्रदेश तथा स्थानीय तह | सामाजिक विकास मन्त्रालय | प्रादेशिक मन्त्रालयहरू | अध्ययन प्रतिवेदन |
| सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्न सरकारी, गैरसरकारी र विकासका साझेदार संघ संस्थाहरूसँग समन्वय गरिने । | पहिलो वर्षबाट निरन्तर रूपमा | - | प्रदेश | सामाजिक विकास मन्त्रालय | गैरसरकारी र विकास साझेदार संस्था | बैठकको माइन्यूट |
| सामाजिक समावेशीकरण सम्बन्धी गरिएका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू कार्यान्वयन गर्न प्रादेशिक कार्ययोजना तयार गर्ने । | दोस्रो वर्ष | ५,००,००० | प्रदेश | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | कार्ययोजना |
| सीमान्तीकृत, दलित, आदिवासी जनजाति, महिला, मुस्लिम र मधेसी समुदायको सामाजिक र आर्थिक उत्थानको लागि विकास बजेटको १० प्रतिशतभन्दा माथि छुट्याउने । | पहिलो वर्षबाट निरन्तर रूपमा । | - | विषयगत मन्त्रालय र स्थानीय तह | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | वार्षिक नीति तथा कार्यक्रम |
| सामाजिक समावेशीकरण सम्बन्धी विषय आफ्ना नीति तथा कार्यक्रममा आन्तरिकीकरण गर्न क्षमता विकासको लागि चालु खर्चको १.५ प्रतिशत भन्दा बढी विनियोजन गर्ने । | दोस्रो वर्षदेखि निरन्तर रूपमा | - | स्थानीय तह | सामाजिक विकास मन्त्रालय | प्रादेशिक मन्त्रालयहरू | वार्षिक कार्यक्रम पुस्तिका |
| प्रदेश तहका आवधिक तथा वार्षिक कार्यक्रमहरूको अनुगमन तथा | पहिलो वर्ष | ३,००,००० | प्रदेश सरकार | सामाजिक विकास मन्त्रालय | प्रादेशिक मन्त्रालयहरू | अनुगमन, मूल्याङ्कन निर्देशिका |

सामाजिक विकास मन्त्रालय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मूल्याङ्कन प्रणालीमा सामाजिक समावेशीकरणका सूचकहरू समावेश गर्ने । | | | | | | |
| राजनीतिक दलका प्रतिनिधिहरूलाई सामाजिक समावेशीकरण सम्बन्धी अभिमुखीकरण गर्ने । | दोस्रो वर्ष | ४,००,००० | प्रदेश र स्थानीय तह | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | अभिमुखीकरण प्रतिवेदन |
| लैससास उत्तरदायी बजेट निर्माण सम्बन्धमा अभिमुखीकरण तालिम सञ्चालन गर्ने । | पहिलो वर्ष | ४,००,००० | प्रदेश र स्थानीय तह | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | तालिम प्रतिवेदन |
| सबै प्रकारका हिंसा, विभेद, कुरीति, बालविवाह र कुप्रथा विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | पहिलो वर्षबाट निरन्तर रूपमा | १,३७,००,००० | स्थानीय तह | स्थानीय तह | सामाजिक विकास मन्त्रालय | वार्षिक कार्यक्रम र प्रगति प्रतिवेदन |
| आर्थिक, सामाजिक तथा शैक्षिक रूपमा पिछडिएका वर्गहरूको क्षमता अभिवृद्धि गरी रोजगारी वृद्धि हुने कार्यक्रम सञ्चालन गर्ने । | पहिलो वर्षबाट निरन्तर रूपमा | ५,००,००,००० | स्थानीय तह | स्थानीय तह | सामाजिक विकास मन्त्रालय | वार्षिक कार्यक्रम र प्रगति प्रतिवेदन |
| ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गरी प्रभावकारी रूपमा सञ्चालनमा ल्याउने । | दोस्रो वर्षबाट निरन्तर रूपमा | २,७४,००,००० | स्थानीय तह | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | वार्षिक कार्यक्रम र प्रगति प्रतिवेदन |
| सीमान्तीकृत वर्गहरूको अवस्था विश्लेषण गर्ने । | दोस्रो वर्ष | १०,००,००० | प्रदेश | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | विश्लेषण प्रतिवेदन |
| लक्षित वर्गका योजना तथा कार्यक्रमले | तेस्रो | १०,००,००० | प्रदेश | सामाजिक | स्थानीय तह | अध्ययन प्रतिवेदन |

सामाजिक विकास मन्त्रालय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पारेको प्रभाव, असर र लाभको अध्ययन गर्ने । | वर्ष | | | विकास मन्त्रालय | | |
| लैससास परीक्षण प्रत्येक वर्षको पहिलो चौमासिकमा सम्पन्न गर्ने । | पहिलो वर्ष देखि निरन्तर रूपमा | २,८६,००,००० | प्रादेशिक मन्त्रालय र स्थानीय तह | सामाजिक विकास मन्त्रालय | प्रादेशिक मन्त्रालय र स्थानीय तह | परीक्षण प्रतिवेदन र वार्षिक बजेट |
| कार्यालयमा सृजित विभिन्न प्रकारका अवसर प्रदान गर्दा सीमान्तीकृत समुदायका कर्मचारीलाई प्राथमिकता दिने । | पहिलो वर्षबाट निरन्तर रूपमा | - | प्रदेश र स्थानीय तहका सबै कार्यालयहरू | सामाजिक विकास मन्त्रालय | प्रादेशिक मन्त्रालय र स्थानीय तह | अवसरका प्रदान गर्ने सम्बन्धमा भएको निर्णय र कर्मचारीको नामावली |
| क्षमता विकास योजनाको तर्जुमा गर्ने । | पहिलो वर्ष | ५,००,००० | प्रदेश | सामाजिक विकास मन्त्रालय | प्रादेशिक मन्त्रालय | क्षमता विकास योजना |
| बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा लोपोन्मुख समुदायको लागि निर्दिष्ट कार्यक्रमको तर्जुमा गरी बजेट विनियोजन गर्ने । | दोस्रो वर्षबाट निरन्तर रूपमा | ५,००,००,००० | स्थानीय तह | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | वार्षिक नीति तथा कार्यक्रम र बजेट |
| नियमित रूपमा कार्यक्रमको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण कार्यक्रम गर्ने । | पहिलो वर्षबाट निरन्तर रूपमा | १४,००,००० | प्रदेश सरकार र प्रादेशिक मन्त्रालयहरू | प्रदेशका सबै कार्यालय/मन्त्रालय | सामाजिक विकास मन्त्रालय | सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण प्रतिवेदन |
| प्रदेश सरकारले सामाजिक समावेशीकरण सम्बन्धी नीति, कार्यक्रम र बजेटलाई प्रभावकारी रूपमा | पहिलो वर्षबाट निरन्तर | - | प्रादेशिक मन्त्रालय र स्थानीय तह | सामाजिक विकास मन्त्रालय | प्रादेशिक मन्त्रालय | अनुगमन मूल्याङ्कन प्रतिवेदन |

सामाजिक विकास मन्त्रालय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कार्यान्वयन गरे नगरेको नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने । | रूपमा | | | | | |
| प्रत्येक कर्मचारीहरूको कार्य विवरणमा लैससासको क्षेत्रलाई समावेश गर्ने । | पहिलो वर्ष | - | प्रदेश सरकार र स्थानीय तहका सबै निकायहरू | प्रदेशका सबै कार्यालय/मन्त्रालय | सामाजिक विकास मन्त्रालय | कार्य विवरण |
| प्रदेशको नीति निर्माणको तह तथा प्रादेशिक समितिहरूमा सीमान्तीकृत वर्गको चालिस प्रतिशत सहभागिताको लागि आवश्यक मापदण्ड/कार्यविधि निर्माण गर्ने। | पहिलो वर्ष | २,००,००० | प्रदेश | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सामाजिक विकास मन्त्रालय | मापदण्ड/कार्यविधि |
| कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा सीमान्तीकृत वर्गको सहभागिता अनिवार्य गर्ने । | पहिलो वर्षबाट निरन्तर | - | प्रादेशिक मन्त्रालय तथा मातहतका निकाय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सामाजिक विकास मन्त्रालय | निर्णय र पत्र |
| जोखिम, हिंसा, सामाजिक बहिष्करण, महामारीमा परेका व्यक्ति वा परिवारलाई समाजमा पुर्नस्थापना गर्न मनोसामाजिक मनोविमर्श सेवा उपलब्ध गराउने । | पहिलो वर्षबाट निरन्तर | १,३७,००,००० | स्थानीय तह | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | प्रदेशको वार्षिक कार्यक्रम तथा बजेट |
| अपाङ्गतामैत्री शौचालय, भवन, बालमैत्री शौचालय, धारा, महिलामैत्री शौचालय जस्ता भौतिक निर्माणको मापदण्ड निर्माण गर्ने । | दोस्रो वर्ष | ५,००,००० | प्रदेश तथा स्थानीय तह | सामाजिक विकास मन्त्रालय | भौतिक पूर्वाधार विकास मन्त्रालय | निर्माण गरिएको मापदण्ड |
| सडक मानव सम्बन्धी अध्ययन गरी | दोस्रो | १,३७,००,००० | स्थानीय तह | सामाजिक विकास | स्थानीय तह | अध्ययन प्रतिवेदन र |

सामाजिक विकास मन्त्रालय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| उद्धारको लागि पुनर्स्थापना गृह सञ्चालन गर्ने । | वर्ष | | | मन्त्रालय | | पुनर्स्थापना गृह |
| बालबालिकाको चौतर्फी विकासको लागि उनीहरूको सहभागितामा योजना तर्जुमा गर्ने । | पहिलो वर्ष | १,३७,००,००० | स्थानीय तह | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | वार्षिक योजना |
| जम्मा अनुमानित लागत रू. | | ४२,६७,००,००० | | | | |

सामाजिक विकास मन्त्रालय

## ८. संस्थागत संरचना

### ८.१ प्रदेश स्तरमा

(१) यस नीति कार्यान्वयनका लागि मार्गनिर्देश गर्न प्रदेश स्तरमा देहाय बमोजिमको एक नीति निर्देशक समिति रहने छ :-

(क) मन्त्री वा राज्य मन्त्री सामाजिक विकास मन्त्रालय -संयोजक

(ख) प्रदेश सभाको समावेशीकरण सम्बन्धी कार्यक्षेत्र हेर्ने विषयगत समितिका सभापति -सदस्य

(ग) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(घ) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सम्बन्धित विषय हेर्ने सचिव -सदस्य

(ङ) सचिव, प्रदेशका अन्य मन्त्रालयहरू -सदस्य

(च) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य-सचिव

समितिको बैठक प्रत्येक वर्ष कम्तिमा एकपटक बस्नेछ । तर आवश्यकता अनुसार जुनसुकै समयमा समेत समितिको बैठक बस्न सक्नेछ । नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारीहरू तथा सम्बन्धित क्षेत्रका विज्ञहरूलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(२) यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश स्तरमा देहाय बमोजिमको एक नीति कार्यान्वयन तथा अनुगमन रहने छ :-

(क) सचिव, सामाजिक विकास मन्त्रालय -संयोजक

(ख) आन्तरिक मामिला तथा कानून मन्त्रालयका सम्बन्धित विषय हेर्ने महाशाखा प्रमुख -सदस्य

(ग) आर्थिक मामिला तथा योजना मन्त्रालयका सम्बन्धित विषय हेर्ने महाशाखा प्रमुख -सदस्य

(घ) उद्योग, श्रम तथा रोजगार मन्त्रालयका सम्बन्धित विषय हेर्ने महाशाखा प्रमुख -सदस्य

(ङ) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सम्बन्धित विषय हेर्ने महाशाखा प्रमुख -सदस्य

(च) महाशाखा प्रमुख, सामाजिक विकास महाशाखा, सामाजिक विकास मन्त्रालय -सदस्य-सचिव

सामाजिक विकास मन्त्रालय

समितिको बैठक प्रत्येक वर्ष कम्तिमा तीनपटक बस्नेछ । तर आवश्यकता अनुसार जुनसुकै समयमा समेत समितिको बैठक बस्न सक्नेछ । नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारीहरू तथा सम्बन्धित क्षेत्रका विज्ञहरूलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(३) प्रदेश स्तरीय नीति कार्यान्वयन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :-

(क) प्रदेश स्तरमा महिला, बालबालिका तथा वञ्चितीमा परेका समुदायको खण्डीकृत तथ्याङ्क सङ्कलन एवं विश्लेषण गर्ने गराउने,

(ख) योजना, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा सामाजिक समावेशीकरणमैत्री बनाउने र अनुगमन तथा मूल्याङ्कन प्रणाली सामाजिक समावेशीकरण उत्तरदायी बनाउने,

(ग) विकास कार्यक्रममा सामाजिक समावेशीकरण विषय समावेश गर्न प्रदेश स्तरीय कार्यालयहरू, स्थानीय तहहरू, गैरसरकारी संघ संस्थाहरू र निजी क्षेत्रलाई समेत उत्तरदायी बनाउन अभिप्रेरित र निर्देशित गर्ने,

(घ) सामाजिक सामावेशीकरण नीति अनुरूप सामाजिक समावेशीकरण अनुगमन कार्यविधि र मापदण्ड तयार गरी कार्यान्वयन गर्ने गराउने,

(ङ) नीति कार्यान्वयनका क्रममा आउन सक्ने सम्भावित जोखिमहरूको समाधान गर्ने उपायहरू खोज्ने ।

### ८.२ स्थानीय तहमा

(१) यस नीतिमा भएका प्राबधानहरू स्थानीय तहमा प्रभावकारी कार्यान्वयन र अनुगमन गर्नको लागि प्रदेशका प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको सामाजिक समावेशीकरण नीति कार्यान्वयन तथा अनुगमन समिति रहने छ :-

| | |
|---|---|
| (क) अध्यक्ष/प्रमुख | -संयोजक |
| (ख) उपाध्यक्ष/उप–प्रमुख | -सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) संयोजक, सामाजिक विकास समिति | -सदस्य |
| (ङ) सामुदायिक संघ संस्थाहरूबाट संयोजकले तोकेको दुई महिलासहित पाँचजना | -सदस्य |
| (च) प्रमुख, सामाजिक विकास/महिला तथा बालबालिका महाशाखा/शाखा | -सदस्य-सचिव |

समितिको बैठक प्रत्येक वर्ष कम्तिमा तीनपटक बस्नेछ । तर आवश्यकता अनुसार जुनसुकै समयमा समेत समितिको बैठक बस्न सक्नेछ । नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारीहरू तथा सम्बन्धित क्षेत्रका विज्ञहरूलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

सामाजिक विकास मन्त्रालय

(२) स्थानीय तहमा रहने समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम रहेको छ :-

(क) सामाजिक समावेशीकरणलाई स्थानीय तहको विकास योजना तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्ने,
(ख) स्थानीय स्तरमा सामाजिक समावेशीकरणको कार्यलाई प्रभावकारी कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निभाउने,
(ग) सामाजिक समावेशीकरण नीति अनुरूप सामाजिक समावेशी कार्यविधि तयार गरी कार्यान्वयन गर्ने गराउने,
(घ) नीति कार्यान्वयन गर्न आफ्नो तर्फबाट भूमिका निर्वाह गर्ने र अन्य कार्यालयहरूसँग कार्यगत समन्वयन गर्ने,
(ङ) नीति कार्यान्वयन सम्बन्धी अनुगमन र मूल्याङ्कन गर्ने गराउने,
(च) महिला बालबालिका लगायत वञ्चितीमा परेका समुदायको खण्डीकृत तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने,
(छ) आवधिक तथा वार्षिक योजना तर्जुमा, कार्यान्वयन, बजेट बाँडफाँड, खर्चको लेखाजोखा, अनुगमन तथा मूल्याङ्कन प्रणाली सामाजिक समावेशीकरणमैत्री भए/नभएको विश्लेषण गर्ने,
(ज) स्थानीय स्तरमा सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमको पहिचान गरी सो को समाधान गर्न आवश्यक व्यवस्था गर्ने ।

## ९. अनुगमन तथा मूल्याङ्कन

यस नीतिको कार्यान्वयनको अवस्थाबारे जानकारी हासिल गर्नको लागि प्रत्येक ३/३ वर्षमा अनुगमन, मूल्याङ्कन र समीक्षा गरिनेछ । नीति मूल्याङ्कन कार्यको मुख्य जिम्मेवारी सामाजिक विकास मन्त्रालयमा रहने छ । सो का लागि मन्त्रालयले सामाजिक विकास महाशाखामार्फत प्रदेश स्तरीय नीति निर्देशक समिति, नीति कार्यान्वयन तथा अनुगमन समिति तथा विषयगत मन्त्रालय, सरोकारवाला, स्थानीय तह, स्थानीय स्तरको नीति कार्यान्वयन तथा अनुगमन समितिहरूसँग समन्वय गर्ने व्यवस्था समेत मिलाउने छ । नीति कार्यान्वयनबाट निर्धारित उद्देश्य तथा अपेक्षित प्रतिफल हासिल भए/नभएको र यसबाट परेको प्रभावबारे प्रत्येक ३/३ वर्षमा मूल्याङ्कन गर्ने कार्य प्रदेश नीति तथा योजना आयोग, प्रदेश समन्वय परिषद्को सहयोगमा सामाजिक विकास मन्त्रालयबाट सम्पन्न गरिने छ ।

## १०. नीति परिमार्जन तथा पुनरावलोकन

यस नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको मूल्याङ्कन गरी नीतिमा समसामायिक परिमार्जन तथा पुनरावलोकन गरिनेछ । सामान्यतया प्रत्येक ३/३ वर्षको अन्तरालमा यस नीतिको परिमार्जन एवं पुनरावलोकन गरिने छ ।

-০০০-